दोस्रो विश्व युद्धको अवधिमा विभिन्न शक्ति राष्ट्रहरुले गरेको वायुयानको दुरुपयोग लाई निराकरण गरि सो वायुयानलाई सर्वसाधारणको सेवा सुविधामा हवाई यातायातको रुपमा प्रयोग गर्ने तथा हवाई यातायातको सञ्चालन, नियमन तथा व्यवस्थापनमा विश्वव्यापीरुपमा नै एकरुपता कायम गर्ने प्रमुख उद्देश्यसाथ सन् १९४४ मा विभिन्न राष्ट्रहरुद्धारा हस्ताक्षर भएको शिकागो महाशन्धि अर्न्तगत नेपालले अनुमोदन गरेका कानुनी प्रावधानहरु (मापदण्ड तथा सिफारिसहरु) तथा सोही महाशन्धिको कार्यान्वयन गर्ने हेतुले संस्थागत स्वरुपमा स्थापना भएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) का ५ वटा रणनीतिक उद्देश्यहरु प्राप्तीको परिधिभित्र रही नेपालमा हवाई यातायात सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय तथा प्रभावकारी रुपमा गराउने प्रमुख नियामकीय जिम्मेवारीसहित नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना भएको कुरा कानुनी रुपमा स्पष्ट नै रहेको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले आफ्ना ५ वटा रणनीतिक उद्देश्यहरु मध्ये जसरी उडान सुरक्षा (Aviation Safety) लाई पहिलो प्राथमिकता राखेको छ त्यसै गरी नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ तथा त्यस अर्न्तगतका नियमहरुमा पनि उडान सुरक्षा प्रमुख उद्देश्य तथा प्राथमिकता रहेको तथ्य प्राधिकरणका प्रत्येक निर्देशिका, म्यानुअल, रिक्वायरमेन्टस् तथा सर्कुलर बाट पनि छर्लङ्ग नै हुन्छ। प्राधिकरणको ऐनले मुख्य उद्देश्यको रुपमा समाविष्ट गरेको उडान सुरक्षाको सुनिश्चित गरी नेपाली वायुक्षेत्रमा हुने हरेक उड्डयन गतिविधिलाई अर्न्तराष्ट्रिय नागरिक उड्डयन संगठनले तोकेको न्युनतम स्वीकारयोग्य सुरक्षा मापदण्ड वा सो भन्दा माथिल्लो स्तरमा कायम गर्न/गराउन प्राधिकरणबाट अनुमति तथा ईजाजत प्राप्त हवाई सेवा प्रदायक निकायको नियमित रुपमा अनुगमन, निरीक्षण तथा नियमन गरी आवश्यकता अनुसार संलग्न निकाय, संस्था तथा व्यक्तिलाई उडान सुरक्षा तथा हवाई सुरक्षा अभिबृद्धि गर्न विशेष आदेश तथा निर्देशन दिन सक्नेछ भन्ने कानुनी व्यवस्था नागरिक उड्डयन नियमावली, २०५८ को नियम ५६(क) तथा नियम ८० मा रहेको छ। सोही कानुनी प्रावधानमा टेकेर प्राधिकरणले उडान सुरक्षा तथा हवाई सुरक्षा अभिबुद्धि गर्न गरेका नीतिगत निर्णयहरु लागु गर्नु/गराउनु प्राधिकरणको नियमन दायरामा रहने प्रत्येक वायुसेवा कम्पनीको कर्तव्य हुने कुरा स्वतप्राभी नै हुन्छ तर विगतदेखि नै प्राधिकरणले विभिन्न मितिमा गरेका निर्णयहरु कार्यान्वयन गर्न/गराउन अरु भन्दा बढी जिम्मेवार हुनु पर्ने व्यक्ति वायु सेवा सञ्चालक संघ, नेपालको अध्यक्ष तथा प्राधिकरणबाट सञ्चालन अनुमति प्राप्त (AOC) गरी प्राधिकरणको नियमन तथा निर्देशन पालना गर्ने प्रतिबद्धता जनाएको सेवा प्रदायक संस्था सिम्रिक एयर लि.को अध्यक्ष रामेश्वर थापाले प्राधिकरणले नेपालको हवाई आकाशलाई सुरक्षित बनाउन गरेका आदेश तथा निर्देशनको कार्यान्वयनमा पटक-पटक अवरोध सिर्जना गरी विद्यमान कुननको बर्खिलाप हुने गरी काम गरेको।

त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलको आन्तरिक एप्रोन क्षमता भन्दा बढी वायुयानको रात्री विसानले गर्दा पटक-पटक पार्किङ क्षेत्रमा हुने गरेको वायुयानको On Ground Incidents/Serious Incidents ले गर्दा उडान तथा हवाई सुरक्षामा गम्भीर चुनौति भएको हुँदा सो समस्याको दिर्घकालीन समाधान गर्न प्राधिकरणले मिति २०७९।०३।०५ गते नेपालमा आन्तरिक उडान गर्ने वायुसेवा कम्पनीले मिति २०७९।०३।१३ गते देखि सञ्चालन अनुमति प्राप्त गर्दा तोकिएको सञ्चालन आधार (Operation Base) मा अनिवार्य वायुयानको रात्री विसान गर्नु पर्ने र सोही विमानस्थलबाट पहिलो उडान गर्नु पर्ने निर्णय गरेको थियो। सो निष्पक्ष र अपरिहार्य निर्णय कार्यान्वयन गर्नु निज थापाको पनि अनिवार्य कर्तव्य भएकोमा सो निर्णयलाई स्वेच्छाचारी तथा एकपक्षीय निर्णय भनेर

मिति २०७९।०३।०७ गते वायु सेवा सञ्चालक संघ,नेपालको लेटरप्याडमा प्राधिकरण विरुद्ध भ्रामकता फैलाउने उद्देश्यले विषयान्तरयुक्त प्रेस विज्ञप्ति जारी गरेर नेपालको कानुनले अत्यावश्यक सेवामा समावेश गरि बन्द/हड्ताल गर्न निषेध गरेको हवाई सेवा मिति २०७९।०३।०८ गते देखि बन्द गर्ने धम्की दिई सम्पुर्ण वायुसेवा कम्पनीलाई प्राधिकरणको विरुद्धमा उतारी निर्णय कार्यान्वयनमा अवरोध गरेको ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) ले नेपालको उडान सुरक्षा निगरानीको क्षमता सम्परीक्षण गर्ने उद्देश्यले उस्को विश्वव्यापी सेफ्टी अडिट (USOAP) कार्यक्रम अन्र्तगत १३ देखि २५ अप्रिल २०२२ मा सारा नेपाली उड्डयन क्षेत्र अडिटको काममा व्यस्त भएको अवधिमा निज थापाले प्राधिकरणको विद्यमान नीति निर्णय तथा कार्यदेशको विरुद्धमा विभिन्न सञ्चार माध्यममा गई प्राधिकरणको संस्थागत उड्डयन नीतिको विरुद्धमा अभिव्यक्ति दिई सर्वसाधारण नागरिकमा प्राधिकरणले गरिहेको काम कारवाहीमा संन्देह उत्पन्न गराएर अडिटलाई प्रभाव पार्ने/नकरात्मक सन्देश दिने कार्य गरी प्राधिकरणको कानुनी प्राधिकार कार्यान्वयनमा अवरोध गरेको ।

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ तथा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा भएको कानुनी व्यवस्था बमोजिम नै प्राधिकरणले मिति २०८०।०४।२५ गते देखि विभिन्न विमानस्थलमा प्राधिकरणलाई तिर्न/बुझाउन बाकी रहेको वक्यौता रकम नतिर्ने वायुसेवा कम्पनीको उद्धार उडान बाहेक अन्य उडानमा प्रतिबन्ध लगाएकोमा सोको प्रतिवादस्वरुप निज थापा अध्यक्ष रहेको कम्पनी श्री सिम्रिक एयर लि.को Ref No. SA/AD/2023/254 पत्र मार्फत प्राधिकरणलाई ७ दिने चेतावनी दिने दृष्टता गरि नियामक निकायलाई पठाएको पत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतलाई बोधार्थ दिई प्राधिकरणलाई दबाब राख्ने मनसायले प्राधिकरणको काम कारवाहीमा प्रत्यक्ष रुपमा प्रभावित गर्न खोजेको ।

विगत ८ अप्रिल ११ जुलाई २०२३ को छोटो अवधिमा नेपालमा उडान गर्ने ४ वटा हेलिकप्टर कम्पनीको ४ वटा फरक फरक प्रकृतिका अप्रत्यासित रुपमा भएका Major & Minor दुर्घटना पश्चात  नेपालको दुर्गम भेगमा प्रतिकुल मौसमको कारणले हुने हवाई दुर्घटना न्युनीकरण गर्ने प्रमुख उद्देश्यले नेपाल नागरिक उड्डयन प्राधिकरणले मिति २०८०।०३।२७ तथा २०८०।०४।१४ गते निर्णय गरी लागु गरेको विभिन्न सुरक्षा निर्देशनहरुको विरुद्धमा श्रृखलाबद्धरुपमा प्रत्यक्ष/अप्रत्यक्ष संलग्न भई विभिन्न माध्यम प्रयोग गरी गलत प्रचार गरि जनतामा भ्रम पैदा गरेको । साथै निज थापालाई प्राधिकरणले मिति २०८०।०५।०१ गते ७ दिने स्पस्टीकरण सोधेकोमा सो पत्रको जवाफ तोकेको समयावधि भित्र पेश नगरी प्राधिकरणको आदेश तथा निर्देशनको समेत अवज्ञा गरेको ।

सिम्रिक एयर प्रा.लि.को अध्यक्ष रामेश्वर थापाल पटक पटक नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्दै आएको काम र गर्न लागेको काममा बाधा पुऱ्याएको हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा २५ को उपदफा (२) बमोजिम १० हजार रुपैया जरिवाना भएको ।